बैठक संख्या: ५०

आज मिति २०८२ साल कार्तिक महिनाको ३० गतेका दिन यस बुढीगंगा नगरपालिकाका नगर प्रमुख श्री राम बहादुर बानियाँ ज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको चालु आ.व. २०८२/०८३ को चौथो बैठक बसी तपसिलको उपस्थितीमा देहायका निर्णयहरु गरियो ।

तपशिल:

| हस्ताक्षर | क्र.स. | नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | १. | श्री राम बहादुर बानियाँ | नगर प्रमुख | ९८५८४८३९९१ |
| | २. | श्री माया खड्का कुँवर | नगर उपप्रमुख | ९८४८५४०३७२ |
| | ३. | श्री रण बहादुर थापा | १ नं. वडा अध्यक्ष | ९८४१८०८४६७ |
| | ४. | श्री पदम बहादुर भण्डारी | २ नं. वडा अध्यक्ष | ९८४८४८०२८६ |
| | ५. | श्री खडक बहादुर अधिकारी | ३ नं. वडा अध्यक्ष | ९८४८६०९२३० |
| | ६. | श्री मिन बहादुर शाह | ४ नं. वडा अध्यक्ष | ९८६८८१३२३२ |
| | ७. | श्री चक्र बहादुर थापा | ५ नं. वडा अध्यक्ष | ९८४७२८२१७० |
| | ८. | ~~श्री हेमराज जैशी~~ पार्वती देवि पाध्याय | ६ नं. वडा अध्यक्ष कार्यवाहक | ९८४८६४४७२५ |
| | ९. | श्री भवन सिंह के.सी. | ७ नं. वडा अध्यक्ष | ९८६५६६८२९५ |
| | १०. | श्री रमेश बहादुर रावल | ८ नं. वडा अध्यक्ष | ९८४८६४८४९२ |
| | ११. | श्री मिन बहादुर सिंह | ९ नं. वडा अध्यक्ष | ९८६७७३९६४६ |
| | १२. | श्री गंग वि.क. | १० नं. कार्यवाहक वडा अध्यक्ष | |
| | १३. | श्री प्रेम बहादुर दमाई ( नेपाली) | कार्यपालिका सदस्य | ९८६४९९४४९३ |
| | १४. | श्री सर्पजित सार्की | कार्यपालिका सदस्य | ९८४८६४५०३४ |
| | १५. | श्री विष्णु उखेडा | कार्यपालिका सदस्य | ९८६५५६०८६७ |
| | १६. | श्री बसन्ती देवि पाध्याय | कार्यपालिका सदस्य | ९७४८८६३४६७ |

| | | | | |
|---|---|---|---|---|
| (हस्ताक्षर) | १७. | श्री शुसिला कुमारी मिजार | कार्यपालिका सदस्य | ९८४८६४४०४९ |
| (हस्ताक्षर) | १८. | श्री निरुता सुनार | कार्यपालिका सदस्य | ९८६५६९१६११ |
| (हस्ताक्षर) | १९. | श्री बुदि देवी नेपाली | कार्यपालिका सदस्य | ९८६९९१९६७३ |
| (हस्ताक्षर) | २०. | श्री अफ्सरा देवी थापा | कार्यपालिका सदस्य | ९८६५५३४१८६ |
| (हस्ताक्षर) | २१. | श्री अम्मर राज जोशी | प्रमुख प्रशासकीय अधिकृत | ९८६५६४९०२७ |

अन्यः उपस्थितिः

| हस्ताक्षर | क्र.सं. | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | १ | टंक बहादुर सिंह | माईन्यौट टाईपिष्ट | ९८४८६१८७५४ |
| | २ | टेक राज जैशी | कार्यालय सहयोगी | |

बुढीगंगा नगरकार्यपालिकाको ५०औं तथा आ.व. २०८२/०८३ को चौथो बैठकमा प्रस्तुत प्रस्तावहरुः

१. प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) मा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

२. आधारभूत अस्पताल ( १५ शैया ) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ पारित गर्ने सम्बन्धमा ।

३. बाजुरा स्वस्थ्य चौकी, टाँटेलाई बुढीगंगा आधारभूत अस्पतालका रुपमा सञ्चालन गर्ने सम्बन्धमा ।

४. बुढीगंगा आधारभूत अस्पतालमा बिमा सेवा सञ्चालनका लागि स्वीकृति माग सम्वन्धमा ।

५. अनुकूलन कृषि रणनैतिक योजना निर्माणमा आवश्यक तथ्याङ्क संकलनका लागि गणक पठाउने सम्बन्धमा ।

६. घर जग्गा नक्सा पासको दर रेट तोक्ने सम्बन्धमा ।

७. विविधः

क) समवेदना सम्बन्धमा ।

ख) कर्मचारीको तह मिलान सम्वन्धमा ।

ग) मनोसामाजिक परामर्शकर्ताको फिल्ड खर्च सम्बन्धमा ।

२०८२/०८/२०

राम बहादुर बानियाँ

नगर प्रमुख

CamScanner

निर्णयहरु:

१. प्रस्ताव नं १ माथि छलफल गर्दा सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत संचालित प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमका लागि नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ अनुरुप यस नगरपालिकाको तर्फबाट न्यूनतम २५ प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्वता सहित " डिजिटल शिक्षा नवप्रवर्तन कार्यक्रम" को प्रस्तावना निर्माण गरी पेश गर्ने निर्णय पारित गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रत्येक स्थानिय तहमा एक आधारभूत अस्पताल सञ्चालन गर्ने उद्देश्य अनुरुप यस नगरपलिकामा पनि आधारभूत अस्पताल ( १५ शैया ) सञ्चालन गर्न आवश्यक बुढीगंगा आधारभूत अस्पताल ( १५ शैया ) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ पास गर्ने निर्णय पारित गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रत्येक स्थानिय तहमा एक आधारभूत अस्पताल सञ्चालन गर्ने उद्देश्य अनुरुप यस नगरपलिकामा पनि आधारभूत अस्पताल ( १५ शैया ) सञ्चालन गर्न आवश्यक बुढीगंगा आधारभूत अस्पताल ( १५ शैया ) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ मा टेकेर हालको बाजुरा स्वास्थ्य चौकी टाँटैलाई बुढीगंगा आधारभूत अस्पताल घोषणा गरी स्तरोन्नती सहित अस्पतालका रुपमा सञ्चालन गर्ने निर्णय पारित गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा बुढीगंगा नगरपालिकामा सञ्चालन हुने बुढीगंगा आधारभूत अस्पताल ( १५ शैया ) बाट बिमा सहुलियत सेवा सञ्चालनका लागि स्वास्थ्य बिमा बोर्डबाट स्वीकृती माग गर्ने निर्णय पारित गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको अनुकुलन कृषि रणनीति योजना निर्माण गर्ने भएकाले उक्त योजनाका लागि आवश्यक तथ्याङ्क संकलनका लागि वडा नं. २, ४, ९ र १० मा ३ जना र बाँकि वडाहरुमा २ जनाका दरले प्रति फारमको रु. ५० का दरले नगरपालिका भरी गणकहरु परिचालन गर्ने निर्णय पारित गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस बुढीगंगा नगरपालिकाले पास गरेको घर जग्गा नक्सा पास सम्बन्धी निर्माण गरेका कार्यविधि तथा निर्देशिका अनुसार तपसिल बमोजिम घर जग्गा नक्सा पास दरखास्त फारम पुस्तिकाको दर प्रति पुस्तक रु.५५०/ ( अक्षरुपी पाच सय पचास रुपैंया मात्र ) तोक्ने निर्णय पारित गरियो ।

CamScanner

७. प्रस्ताव नं. ७ को (क) माथि छलफल गर्दा यस बुढीगंगा नगरपालिकाका नगर प्रवक्ता श्री हेमराज जैशी, वडा नं. ९ का अध्यक्ष श्री मिन बहादुर सिंह, पुर्व कार्यपालिका सदस्य माया शाह, वडा वडा नं. १०का वडा सदस्य श्री गंग वि. क. ज्यूका ममतामयी आमाहरुको निधन भएकाले मृत आत्माको चिर शान्तीको कामना सहित भावपुर्ण श्रद्धान्जली अर्पण गर्दै शोकाकूल परिवारमा गहिरो समवेदनाको निर्णय पारित गरियो ।

८. प्रस्ताव नं. ७ को विविध ( ख) माथि छलफल गर्दा सुदूरपश्चिम प्रदेशको राजपत्रमा मिति २०८२/०३/१५ गते प्रकाशित सुदूरपश्चिम प्रदेश स्थानिय सेवा ( गठन तथा संचालन ) ऐन, २०८१ को परिच्छेद- ३ को दफा ९ मा भएको व्यवस्था तथा सर्वोच्च अदालतको मिति २०८२/०७/२३ गते भएको उत्प्रेषण आदेश ०८२ -WO-०३७४ बमोजिम यस नगरपालिकामा समायोजन भइ हाल सम्म कार्यरत श्री प्रेमराज जैशी ( अधिकृतस्तर छैटैं ) को तपसिल बमोजिम तह मिलान गर्ने निर्णय पारित गरियो ।

तपसिलः

साविकको

| क्र.सं. | कर्मचारीको नाम थर | पद / तह | सेवा | कैफियत |
|---|---|---|---|---|
| १ | प्रेम राज जैशी | अधिकृतस्तर (छैटौं) | नेपाल कृषि/ भेटेरिनरी | |

मिलान गरिएको तह

| क्र.सं. | कर्मचारीको नाम थर | पद / तह | सेवा | कैफियत |
|---|---|---|---|---|
| १ | प्रेम राज जैशी | अधिकृतस्तर (सातौं ) | नेपाल कृषि/ भेटेरिनरी | |

९. प्रस्ताव नं. ७ को ग माथि छलफल गर्दा रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत नियुक्त मनोसामाजिक परामर्शकर्ताले गर्नुपर्ने क्रियाकलाप समुदाय तथा वडाहरुमा गर्नुपर्ने भएकाले स्थानिय सहायक स्तर पाँचौ तहको मासिक तलव स्केल सहित संघिय ससर्त अनुदानको खर्च शिर्षक नं. २६३३२ बाट दैनिक भ्रमण भत्ता बापत रु. ५०००/-, यातायात खर्च बापत रु. १५००/- र सञ्चार खर्च बापत रु.१०००/- गरी मासिक रुपमा जम्मा रु. ७५००/- ( अक्षरुपी सात हजार पाँच सय मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner